**वैठक नंः**

**मिति : २०८०।१२।०५**

**समय : बिहान ८:०० बजे**

**स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार**

आज मिति २०८०।१२।०५ गते सोमवार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यू को अध्यक्षतामा गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति:

| | |
|---|---|
| १. श्री शंकर राज बराल | अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | कार्यपालिका सदस्य एंव प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मर दिप बि.क. | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री ठाकुर प्रसाद दाहाल | सदस्य सचिव एंव प्र.प्र.अ |

अन्य उपस्थिति

| | |
|---|---|
| १। सरद प्याकुरेल | सूचना तथा प्रशासन शाखा |
| २। सुबिर विक्रम कार्की | IT शाखा |

## प्रस्तावहरु

१. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२. वडा नं. ४ को बजेट कार्यान्वयन सम्बन्धमा ।

३. गाउँ सभाको हिउँदे अधिवेशन सम्बन्धमा ।

४. खरिद इकाई समिति तथा मुल्याङ्कन समिति अनुमोदन सम्बन्धमा ।

५. रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा ।

६. (घ) वर्गको निर्माण व्यवसायीको ईजाजत स्वीकृत सम्बन्धमा ।

७. मेड्पा कार्यक्रम कार्ययोजना स्वीकृत सम्बन्धमा ।

८. बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा ।

९. सुझाव कार्यान्वयन सम्बन्धमा ।

१०. गोठ/भकारो सूधार कार्यक्रम सम्बन्धि कार्यबिधि, २०८० स्वीकृत सम्बन्धमा ।

११. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान, प्रमाणीकरण र अभिलेखीकरण गर्ने/गराउने सम्बन्धमा ।

१२. राजश्व परामर्श समितिको बैठकका निर्णय अनुमोदन सम्बन्मा ।

१३. नियुक्ती अनुमोदन सम्बन्धमा ।

१४. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धमा ।

१५. रकमान्तर सम्बन्धमा

१६. राजश्व संकलन तथा व्यवस्थापन सम्बन्धमा

१७. वालमैत्री स्थानीय शासन सम्बन्धमा ।

१८. वडा नं. ६ को बजेट कार्यान्वयन सम्बन्धमा ।

१९. वडा नं. २ को बजेट कार्यान्वयन सम्बन्धमा ।

२०. क्षमता बिकास कार्यक्रम सम्बन्धमा ।

२१. प्राविधिक कर्मचारी सुविधा सम्वन्धमा ।

२२. सेवा प्रवाह सम्वन्धमा ।

२३. बाल क्लव समूह गठन तथा सहजीकरण निर्देशिका, २०८० स्वीकृति सम्वन्धमा ।

२४. विविध सम्वन्धमा ।

## निर्णयहरु

**निर्णय नं.१ प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट सार्वजनिक पुर्वाधार निर्माण अन्तर्गतका वडाबाट निर्णय गरि पठाए बमोजिमका तपशिलका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| वडा नं | योजनाको नाम | ठेगाना | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | दिम्लादिप जिमिटार थाक्ले देब्रेखोला घोरेटो बाटो मर्मत | गोलन्जोर -१, डुडभन्ज्याङ्ग | ७३४८००। | |
| १ | जुकेपानी ज्यामिरे धन्सार सल्लेखोला घोरेटो बाटो मर्मत | गोलन्जोर -१, डुडभन्ज्याङ्ग | ६०१२००। | |
| २ | कुखुरेटार फर्सेखोला गोरेटो बाटो मर्मत तथा हर्कपुर सडक मर्मत | गोलन्जोर -२, बितिजोर | ८०१६००। | |
| ३ | बच्चापानी प्रा वि अगाडीको ठाडो मानसिङ्गको घर तेर्सो र भदौरे ठाडो कृषिबाटो मर्मत योजना | गोलन्जोर -३, ग्वालटार | ७३४८००। | |
| ४ | बेखटाँडी मालिङ्गे डुडे सडक मर्मत योजना | गोलन्जोर -४, तिनकन्या | ७३४८००। | |
| ४ | भाविनीदेवी शिब मन्दिर मर्मत तथा रानीखोला किराते खोक्लिङ्ग बाटो मर्मत योजना | गोलन्जोर -४, तिनकन्या | ४६७६००। | |
| ५ | कृष्ण मन्दिर देखि थाङ्से सडक मर्मत योजना | गोलन्जोर -५, रतनचुरा | ६०१२००। | |
| ६ | सुगुरे डाडाँगाउँ नाकाजोली सडक तथा सुगुरेखोला पिक्निक स्पोर्ट बिरुवा संरक्षण योजना | गोलन्जोर -६, बाशेश्वर | ८६८४००। | |
| ७ | बारुथान आरुबोटे पिप्ले चैनपुर गोरेटोबाटो निर्माण र बतासे सडक मर्मत योजना | गोलन्जोर -७, खुर्कोट | ६६८०००। | |

**निर्णय नं. २ गाउँपालिका अन्तर्गत वडा नं ४ को आ व २०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आ. ब. २०८०।०८१ को गाउँसभाले वडा नं.४ को लागि बिनियोजन गरेको बजेटबाट वडा समिति बैठकबाट निर्णय भई आएका तपशिलका योजना र बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क्र. स. | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | ४ नं. वडाका सम्पुर्ण सडक सरसफाई कार्यक्रम | १९०००००। |
| २ | श्री पञ्चवती नि मा वि सामान खरिद | १०००००। |
| ३ | चोकटी बारी मेशिनरी वाल निर्माण | ७०००००। |
| ४ | सिम्ले झिराडाँडा ट्रस भवन निर्माण | २५००००। |
| ५ | नयाँ गाउँ पोखरी मर्मत | २०००००। |
| ६ | बौध मन्दिर निर्माण | २०००००। |
| ७ | शारदा मा वि बेखटाडी फिल्ड मञ्च मर्मत | ३५००००। |
| ८ | समपुरक योजना खोक्लिङ्ग माझकुभिण्डे | ३०००००। |

**निर्णय नं.३ गाउँ सभा हिउदे अधिवेशन सम्बन्धमा ।**

यस गोलन्जोर गाउँपालिकाको चा.लु .आ.व. २०८०।०८१ को गाउँ सभाको हिउदे अधिवेशन मिति २०८० साल चैत्र १५ गते दिनको ११ बजे तोक्ने निर्णय गरियो

**निर्णय नं.४ खरिद इकाई समिति तथा मुल्याङ्कन समिति अनुमोदन सम्बन्धमा ।**

यस गाउँपालिका अन्तर्गत सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थापन गर्नका लागि खरिद नियमावली २०६४ को उपनियम १६ बमोजिम १ खरिद इकाई समिति र खरिद नियमावली २०६४ को नियम १४७ बमोजिम गठन भएको तपशिल खरिद समिति तथा खरिद मुल्याङ्कन समितिलाई अनुमोदन गर्ने निर्णय गरियो

तपशिल

खरिद इकाई समिति

| | |
|---|---|
| १ संयोजक | जिन्सी शाखा प्रमुख |
| २ सदस्य | लेखा शाखा प्रतिनिधी |
| ३ सदस्य | प्राविधिक शाखा प्रतिनिधि |
| ४ सदस्य | प्रशासन शाखा प्रमुख/प्रतिनिधि |

खरिद मुल्याङ्कन समिति

| | |
|---|---|
| १ अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
| २ सदस्य | पुर्वाधार शाखा प्रमुख |
| ३ सदस्य | लेखा शाखा प्रमुख |
| ४ सदस्य | सम्बन्धित शाखा प्रमुख |
| ५ सदस्य सचिब | जिन्सी शाखा प्रतिनिधि |

**निर्णय नं.५ रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यबिधि, २०८० स्वीकृत सम्बन्धमा ।**

यस पालिकामा उपलब्ध रोजगारको अवस्थाहरुको नक्साकंन तथा रोजगारदाता र श्रमिकहरु को सरोकारका बिषयलाई व्यवस्थापन गर्न रोजगार संवाद मञ्च आवश्यक भएकोले रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यबिधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ (घ) वर्गको निर्माण व्यवसायीको ईजाजत स्वीकृत सम्बन्धमा ।**

यस गाउँपालिकामा (घ) वर्गको निर्माण व्यवसायीको इजाजत पत्रको लागि नियमानुसार पेश गर्नु भएको तपशिल बमोजिमक कम्पनीलाई यस गाउँपालिकाको (घ) वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धि कार्यविधि, २०७७ को दफा २ बमोजिमको ईजाजत पत्र स्वीकृत गरी प्रमाण पत्र जारी गर्ने निर्णय गरियो ।

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | संचालकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | सरोबर कन्ट्रक्सन प्रा.लि. | श्री कृष्ण बहादुर कार्की | गोलन्जोर-७, सिन्धुली |

**निर्णय नं. ७ मेड्पा कार्यक्रम कार्ययोजना स्वीकृत सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आ व २०८०।०८१ को स्वीकृत बजेट तथा कार्यक्रमबाट गरीबि निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम तपशिल बमोमिमका शिर्षकहरुमा रकम बिनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

गोलन्जोर गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यलय ग्वाल्टार, सिन्धुली ।

बाग्मती प्रदेश, नेपाल

आर्थिक वर्ष २०८०/०८१

| क्र. स. | क्रियाकलाप | लक्ष्य | बजेट प्रतिशत रेन्च निर्देशिका अनुसार | बास्तविक बजेट | रकम रु | जिम्मेवार व्यक्ती वा शाखा |
|---|---|---|---|---|---|---|
| १ | उद्यम विकासको लागि सामाजिक परीचालन (PRA) | २० | ३ प्रतिसत सम्म | ३ प्रतिशत | २४,६००/- | उद्यम विकास सहजकर्ता तथा उद्यम विकास शाखा |
| | उद्यमशिल विकास तालिम (SIYB) | २० | ७ देखि ९ प्रतिशत सम्म | ९ प्रतिशत | ७३,८००/- | उद्यम विकास सहजकर्ता तथा उद्यम विकास शाखा |
| | प्राविधिक शिपमुलक तालिम | ० | ३५ देखि ४१ प्रतिशत सम्म | ४१ प्रतिशत | ०/- | उद्यम विकास सहजकर्ता तथा उद्यम विकास शाखा |
| | उपयुक्त प्रविधि पहुज तथा हस्तान्तरण | | १४ देखि १८ प्रतिशत सम्म | १८ प्रतिशत | ०/- | उद्यम विकास शाखा |
| | लघु कर्जामा पहुज | | ३ देखि ४ प्रतिशत सम्म | ३ प्रतिशत | ०/- | उद्यम विकास सहजकर्ता तथा विकास शाखा |
| | बजारीकरण सेवा | | ३ देखि ४ प्रतिशत सम्म | ३ प्रतिशत | ०/- | उद्यम विकास सहजककर्ता तथा उद्यम वकास शाखा |
| | उद्यम विकास सहजकर्ता | ०२ | | | ७,२१,६०० /- | गाँउपालिका |
| | **जम्मा वजेट** | | | | ८,२०,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | /- | |
| २ | भैइरहेका उद्यमीहरुको स्तरउन्नती | २० | | | २,४०,००० /- | उद्यम विकास शाखा |
| | | | | | | |
| ३ | उपयुक्त प्रविधि हस्तानतरण | १ वटा समुहमा | | | १,४०,००० /- | उद्यम विकास शाखा |
| ४ | **गाँउपालिकामा मेड्पा कार्यक्रमको कुल बजेट जम्मा** | | | | १२,००,०० ०/- | उद्यम विकास शाखा |

**निर्णय नं. ८ बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत बिषयमा छलफल गर्दा श्री संघीय सरकारवाट सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस गोलन्जोर गाउँपालिकामा कार्यरत कर्मचारीलाई नियमानुसार संघीय सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्थापन गर्ने र अन्य कार्यक्रमको सन्दर्भमा निज कर्मचारीसंग प्रस्ताव माग गरी कार्यालयको निर्णय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ सुझाव कार्यान्वयन सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौं मार्फत श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय काठमाण्डौंबाट विभिन्न मितिमा प्राप्त सुझाव कार्यान्वयन सम्वन्धी व्यहोराको पत्र अनुसार दिएक सुझावहरु अनिवार्य समिक्षा गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै अन्य विभिन्न निकायबाट प्राप्त सुझावहर कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० गोठ/भकारो सूधार कार्यक्रम सम्बन्धि कार्यबिधि, २०८० स्वीकृत सम्बन्धमा ।**

यस गाउँपालिकामा प्राङ्गारिक खेतिलाई विस्तार गरी रासायनिक प्रभावबाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रभावलाई कम गर्दै पर्यावरण संरक्षण गर्ने उद्देश्यले गोठ/भकारो सुधारलाई व्यवस्थित गर्न आवश्यक देखिएकोले **गोठ/भकारो सूधार कार्यक्रम सम्बन्धि कार्यबिधि, २०८०** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान, प्रमाणीकरण र अभिलेखीकरण गर्ने/गराउने सम्बन्धमा ।**

श्री राष्ट्रिय भुमि आयोग समितिको सचिवालय सिन्धुलीको मिति २०८० साल मंसिर २६ गते बसेको बैठकबाट स्थानि तहवाट भुमि आयोग सम्वन्धी काममा जग्गाको नापननक्शाङ्कन गर्न प्राविधिक कर्मचारीको व्यवस्था (१ सर्वेक्षक र अमिन) भर्ना गरी सेवा करारमा राख्नका लागि अनुरोध भएकोले हाललाई गाउँपालिकामा कार्यरत २ जना अमि कर्मचारीबाटै सो सम्वन्धी कामकाज गर्ने र सर्वेक्षकको हकमा आवश्यक देखिईएमा कुनै निकायवाट काजमा खटाई मा निर्णय गरियो ।साथै गाउँपालिका क्षेत्रभित्र अतिक्रमण भएको जग्गा जमिनको लागि कार्यरत अमिनलाई खटाई ल संकुलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्वन्धमा ।**

यस गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम गठित स्थानीय राजश्व परामर्श समितिको मिति २०८० साल पौष १६ गते बसेको बैठकमा भएको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ नियुक्ती अनुमोदन सम्बन्धमा ।**

श्री प्रदेश लोकसेवा आयोग बागमती प्रदेश हेटौंडा बाट विज्ञापन नं.५६६/०७९-८० स्थानीय सेवा तर्फ अधिकृतस्तर सातौं तह (प्राविधिक) कृषि सेवा ला.पो. एण्ड डे.डे समुह पशु विकास अधिकृत पदमा गोलन्जोर गाउँपालिकामा सिफारिस हुनुभई मिति २०८०।१०।०९ गतेको निर्णय अनुसार नियुक्ती हुनु भएका श्री प्रदिप बर्तौला र विज्ञापन नं. १३-१९/०७९-८० स्थानीय सेवा तर्फ सहायकस्तर पाँचौं तह प्रशासन सेवा सामान्य प्रशासन समुह सहायक पाँचौं पदमा गोलन्जोर गाउँपालिकामा सिफारिस हुनुभई मिति २०८०।०९।११ को निर्णय अनुसार नियुक्ती हुनु भएका श्री सविता बरालको नियुक्ती अनुमोदन गर्नुको साथै मिति २०८०।१०।०३ को निर्णय अनुसार तपशिल अनुसार स्तरबृद्धि हुनुभएका कर्मचारीहरुको तह बृद्धि अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क स | नाम, थर | क सं. नं. | साविकको पद, तह | तह वृध्दि हुने पद, तह |
|---|---|---|---|---|
| १ | कौशिला कोइराला | २३२५३७ | खा.पा.स.टे. चौथो | खा.पा.स.टे.पाँचौं |
| २ | सुन्दर श्रेष्ठ | २३४१०३ | अ.हे.ब.चौथो | सि.अ.हे.ब.पाँचौं |
| ३ | कल्पना श्रेष्ठ | २३२२६५ | अ.न.मी.चौथो | सि.अ.न.मी.पाँचौं |
| ४ | अन्जु श्रेष्ठ | २३२९९४ | अ.न.मी.चौथो | सि.अ.न.मी.पाँचौं |
| ५ | सम्झना आले | २३३११८ | अ.न.मी.चौथो | सि.अ.न.मी.पाँचौं |
| ६ | अमृत कुमार श्रेष्ठ | २३४०७४ | अ.हे.ब.चौथो | सि.अ.हे.ब.पाँचौं |

**निर्णय नं.१४ समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

श्री बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बागमती प्रदेश, हेटौंडाको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन सम्बन्धमा गोलन्जोर गाउँपालिकाको वडा नं १ लाई छनौट गरी कार्यक्रम कर्यान्वयन गर्ने र स्थानीय तहले गर्नुपर्ने आवश्यक दायित्व वहन गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ रकमान्तर सम्बन्धमा ।**

गोलन्जोर गाउपालिकाको आ व २०८०।०८१ को लागि गाउँसभाले स्वीकृत गरेको बजेटलाई तपशिल अनुसार रकमान्तर गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क स | साविक योजनाको नाम | बिनियोजित बजेट रु | रकमान्तरण हुने योजनाको नाम | बिनियोजित रकम रु | कार्यान्वयन स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा स्तरीय कृषि कार्यक्रम | २००००० | पर्यटकीय झोलुङ्गे पुल DPR खनियाखर्क | २००००० | वडा नं ५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | विपन्न परिवार आय आर्जन कार्यक्रम (पशु) | ३००००० | वारुदथान खानेपानी विस्तार साविक २ र ३ वडा | २००००० | वडा नं ७ | थप |
| ३ | छिरा(वितिजोर वारी) खानेपानी टयाङ्की निर्माण | २००००० | कालुपाते खानेपानी मर्मत | १००००० | वडा नं ३ | |
| ४ | | | कालु पाते खेती संरक्षण | १००००० | वडा नं ३ | |

**निर्णय नं. १६ राजश्व संकलन तथा व्यवस्थापन सम्बन्धमा ।**

राजश्व संकलन तथा व्यवस्थापन सम्बन्धमा छलफल गर्दा संघीय सरकार र श्री प्रदेश सरकारबाट हस्तान्तरित वित्तिय समानिकरण, राजश्व वांडफाट अनुदानमा उल्लेखनिय कटौती भएको हुनाले चा.लु. आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कठिनाई हुने प्रयोजनार्थ यस गोलन्जोर गाउँपालिकाको प्रस्तावित आन्तरिक आयलाई वृद्धी गराउन र आर्थिक ऐन २०८० बमोजिम कर संकलन तथा व्यवस्थापन कार्यलाई तीव्र र प्रभावकारी बनाउन यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले राजश्व संकलन कार्यलाई थप व्यवस्थित बनाउनको लागि "कर तथा राजश्व संकलन तथा व्यवस्थापन उप-समिति बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।साथै उक्त समितिले देहायक बमोजिम उल्लेखित कार्य शर्तगत विवरणको आधारमा प्रतिवेदन तयार गरी मासिक रुपमा गाउँपालिकाको राजश्व परामर्श समितिलाई प्रतिवेदन पेश गर्ने समेत निर्णय गरियो र कर संकलन अभियान सञ्चालनको क्रममा जनशक्तिको अभाव भए सो को लागि थप जनशक्ति माग गरी परिचालन गर्ने निर्णय गरियो ।

**<u>कर तथा राजश्व संकलन तथा व्यवस्थापन उप-समिति</u>**

| | | |
|---|---|---|
| १. | संयोजक | प्रवक्ता एंव वडा नं ७ को अध्यक्ष, रेगन राज थापा |
| २. | सदस्य | वडा नं २ को अध्यक्ष, दौलत कार्की |
| ३. | सदस्य | वडा नं ३ को अध्यक्ष, कृष्ण प्रसाद पोखरेल (के.पी) |
| ४. | सदस्य | सरद प्याकुरेल, प्रशासन शाखा |
| ५. | सदस्य | भिम बहादुर श्रेष्ठ, योजना शाखा |
| ६. | सदस्य | सुदिय हायू, प्राविधिक शाखा |
| ७. | सदस्य सचिव | भाष्कर थापा, राजश्व शाखा |

**<u>कार्य शर्तगत विवरण (TOR)</u>**

१) राजश्व सुधार कार्ययोजना बनाई सो को आधारमा गाउँपालिका क्षेत्र भित्र कर संकलन अभियान चलाउ ।

२) गाउँपालिका भित्र व्यवसाय सञ्चालन गरेका कर नतिरेकालाई करको दायरमा ल्याउन रणनीति तयार ग कार्यान्वयन गर्ने ।

३) राजश्व संकलन मार्फत आन्तरिक आयलाई व्यवस्थित गर्न उचित प्रवर्द्धनात्मक कार्यक्रम तयार गर्ने ।

४) राजश्व तथा कर संकलनको मासिक रुपमा प्रतिवेदन तयार गरी राजश्व परामर्श समितिलाई पेश गर्ने ।

५) मासिक रुपमा तयार गरिएको प्रतिवेदनको आधारमा कर संकलन कार्यलाई थप प्रभावकारी बनाउन नी निर्माण गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. १७ बालमैत्री स्थानीय शासन सम्बन्धमा ।**

श्री बागमती प्रदेश सरकारले बि स २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य लिएको र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न गोलन्जोर गाउँपालिकाको वडा नं. ३ र ६ लाई आवश्यक प्रक्रिया पुरा गरि बालमैत्री वडा घोषणा गर्ने र यस कार्यको लागि गाउँ कार्यपालिकाले प्रतिबद्धता व्यक्त गर्ने र थप सहकार्य र समन्वय गर्न महिला तथा बालबालिका शाखा प्रमुख सुष्मा आचार्यलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १८ गाउँपालिका अन्तर्गत वडा नं. ६ को आ व २०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धमा ।**

यस गोलन्जोर गाउँपालिकाको आ. ब. २०८०।०८१ को गाउँसभाले वडा नं. ६ को लागि बिनियोजन गरेको बजेटबाट वडा समिति बैठकबाट निर्णय भई आएका तपशिलका योजना र बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | प्रभात नि मा वि घेरावेरा देउरालीटार | रु ३०००००। |
| २ | वडा कार्यालय घेरावेरा | रु ३०००००। |
| ३ | हैवार माथिल्लो फाट सिचाई | रु १०००००। |
| ४ | हैवार बाध हुदै छेत्पा सडक | रु ३०००००। |
| ५ | ६ नं. वडा फुटबल कप | रु २५००००। |
| ६ | नाकाजोली थुम्का कोल्डस्टोर सडक | रु १०००००। |
| ७ | लप्से खोल्सी रिठ्ठाबोटे सडक मर्मत | रु ४०००००। |
| ८ | जलकन्या देवी मन्दिर मर्मत | रु ५००००। |
| ९ | पैरे टहटले कुलो मर्मत | रु १०००००। |
| १० | बालमैत्री वडा घोषणा कार्यक्रमका लागि | रु १०००००। |
| ११ | नाकाजोली प्रा वि घेरावेरा | रु २०००००। |
| १२ | डाडाँगाउँ भिमसेनस्थान मन्दिर मर्मत | रु १५००००। |
| १३ | वडा कार्यालय, स्वास्थय संस्था तथा सम्पुर्ण विद्यालयलाई CC क्यामरा र ई-हाजिरि जडान तथा व्यवस्थापन | रु ७०००००। |
| १४ | विपत व्यवस्थापन | रु ५००००। |
| १५ | नाकाजोली र छेत्पा खानेपानी आयोजना सिड्स नेपालसँग साझेदारी | रु ५०००००। |
| १६ | घोक्सिला मंगला मा वि व्यवस्थापन | रु २५००००। |
| १७ | सुंगुरे सडक समुह भवन | रु १५००००। |

**निर्णय नं. १९ गाउँपालिका अन्तर्गत वडा नं. २ को आ व २०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आ. ब. २०८०।०८१ को गाउँसभाले वडा नं. २ को लागि बिनियोजन गरेको बजेटबाट वडा समिति बैठकबाट निर्णय भई आएका तपशिलका योजना र बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | सम्पुर्ण आर.सि.सि. पोखरी निर्माण | रु.१५०००००।- |
| २ | प्लाष्टिक पोखरी खरिद | रु.२०००००।- |
| ३ | सम्पुर्ण कुलो मर्मत | रु.२०००००।- |
| ४ | सम्पुर्ण बाटो मर्मत | रु.१००००००।- |
| ५ | हाते ट्रयाक्टर खरिद | रु.४५००००।- |
| ६ | गरिव विपन्न खरको छानो भएको परिवारलाई जस्तापाता वितरण | रु.२०००००।- |
| ७ | सल्ले सडक ट्र्याक निर्माण तथा मर्मत | रु.१०००००।- |
| ८ | थानापति वुढा महादेव मन्दिर निर्माण | रु.१०००००।- |
| ९ | आधारभुत विद्यालय धारापानी व्यवस्थापन अनुदान | रु.१०००००।- |
| १० | वडा कार्यालय व्यवस्थापन | रु.१५००००।- |

**निर्णय नं. २० कर्मचारीको क्षमता बिकास कार्यक्रम सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आ व २०८०।०८१ को विनियोजित बजेटमा कर्मचारीको क्षमता बिकास कार्यक्रम शिर्षकम बिनियोजन भएकोमा सो बजेट जनप्रतिनिधि तथा कर्मचारी र कार्यालयको समग्र आवश्यक्ता पहिचान र योजना निर्माणक लागि क्षमता बिकास योजना निर्माणमा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं २१ प्राविधिक कर्मचारी सुविधा सम्वन्धमा ।**

चालू आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिका मार्फत कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु प्रभावकारी रुप कार्यान्वयन गर्न योजना तथा प्राविधिक शाखामा कार्यरत प्राविधिकहरुलाई फिल्ड तथा अनुगमन भत्ता वापत प्रमु प्रशासकीय अधिकृतले अधिकृत स्तरको कर्मचारीलाई मासिक उन्नाइस हजारसम्म र सहायक स्तरको कर्मचारीलाई मासि पन्ध्र हजारसम्म कार्यप्रगति र फिल्ड रेकर्डको आधारमा चालू आर्थिक वर्षमा बढीमा छ महिनासम्मको लागि आयोज व्यवस्थापन खर्चबाट खर्च हुने गरी थप सुविधा उपलब्ध गराउने र सोका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तिय तथा जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं २२ सेवा प्रवाह सम्वन्धमा ।**

यस गोलन्जोर गाउँपालिकामा सार्वजनिक सेवा प्रवाह गर्ने उद्धेश्यले स्थापना भएका वा कार्यक्रम सञ्चालन गरीरहेका सं संस्थाहरुको सेवा प्रवाह प्रभावकारी विश्वसनिय र नतिजामुखि बनाउन आवश्यक समन्वय गर्ने निर्णय गरीयो ।

**निर्णय नं २३ गोलन्जोर गाउँपालिकाको बाल क्लव समूह गठन तथा सहजीकरण निर्देशिका, २०८० स्वीकृति सम्वन्धमा ।**

यस गोलन्जोर गाउँपालिकाको बाल क्लव समूह गठन तथा सहजीकरण निर्देशिका, २०८० सर्वसम्मत स्वीकृति गर्ने निर्णय गरीयो ।

**निर्णय नं २४ विविध सम्वन्धमा ।**

यस गोलन्जोर गाउँपालिकाको वडा नं ३, ४ र ५ मा वाटो सरसफाईमा खटिईएका श्रमिकहरुलाई आवश्यक प्रकृया पुरा गरी भुक्तानि दिने निर्णय गरियो ।